## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल जुडो संघ त्रिपुरेश्वर, काठमाडौंका लागि अन्तर्राष्ट्रिय जुडो महासंघ, फ्रान्सबाट सहयोग स्वरुप प्रदान गरिने यूरो ६,१२९.२४ (छ हजार एक सय उनन्तीस, सेण्ट चौबीस) मूल्य बराबरको "जुडो गि" सामाग्री आयात गर्दा भन्सार महसुल पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
भेषराज शर्मा
सह-सचिव

## सर्वोच्च अदालतको सूचना

सर्वोच्च अदालतले पुनरावेदन अदालत (आठौं संशोधन) नियमावली, २०६४ को नियम १ को उपनियम(२) ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीका नियम ३ र ४ संवत् २०६५ साल माघ १ गतेदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

आज्ञाले,
हेमन्त रावल
उप-रजिष्ट्रार
सर्वोच्च अदालत

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।-
गो. हु. व. न. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएमछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार